सम्माननीय प्रधानमन्त्रीज्यू,
नेपाल सरकार, सिंहदरबार, काठमाडौं।

विषय: **जेन जी आन्दोलनमा भएको राज्यको दमनका विरुद्ध, स्वास्थ्य क्षेत्रमा व्यापक सुधार, भ्रष्टाचार उन्मूलन तथा चिकित्सा पेशागत स्वतन्त्रता सुनिश्चित गर्नको लागि सामूहिक निवेदन।**

सम्माननीय प्रधानमन्त्रीज्यू,

हामी नेपालभर विभिन्न अस्पताल, शैक्षिक संस्था, स्वास्थ्य अनुसन्धान निकाय तथा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरूमा कार्यरत सम्पूर्ण चिकित्सकहरू आज संयुक्तरूपमा यो निवेदनका साथ तपाईं समक्ष उपस्थित भएका छौं। हामी चिकित्सकहरू–

क. देशमा व्याप्त भ्रष्टाचार, अनियमितता र राजनीतिक हस्तक्षेप विरुद्ध जेन जी आन्दोलन को मर्मलाई पूर्ण समर्थन गर्दछौं।
ख. स्वास्थ्य क्षेत्रमा आवश्यक सुधारका लागि हाम्रो प्राविधिक क्षमता, ज्ञान र अनुसन्धान मार्फत सकारात्मक योगदान गर्ने प्रतिबद्दता व्यक्त गर्दछौं।
ग. भविष्यमा पनि सत्य, निष्पक्षता र पारदर्शिताको पक्षमा उभिन प्रतिबद्ध रहन्छौं।

नेपालकै इतिहासमा जेन-जी आन्दोलन भ्रस्टाचार बिरुदद सम्पूर्ण नेपाली जनताको पीडा अभिव्यक्त गर्ने आक्रोशको आन्दोलन मात्र नभएर यो आन्दोलन भ्रष्टाचार, बेथिति, असमानता र राजनीतिक संरक्षण विरुद्धको सामुहिक पर्दशन हो भन्ने कुरामा बिस्वास व्यक्त गर्दछौ। सुशासनको निम्ती भएको यो पुस्ताको स्वतस्फुर्त आन्दोलनको क्रममा भीड नियन्त्रणका लागी संवैधानिक र अन्तर्राष्ट्रिय मान्यतालाई बेवास्ता गर्दै, मानब अधिकारको न्युनतम मूल्य र मान्यतालाई लत्याउँदै आन्दोलन सुरु भएको केहि घन्टामै भीड नियन्त्रणका लागी संवेदनशील अङ्ग (घाँटी, टाउको, आँखामा) गोली चलाएको कारण कैयौं हाम्रा भाइ बहिनीहरुले उपचारको क्रममा अकालमै ज्यान गुमाउनुपर्यो। उपचारका क्रममा हामीलाई अस्पतालका कारुणिक दृश्यले भावविह्वल बनाएको छ ।

राज्य पक्षबाट सुरक्षा प्रदान गर्नुपर्नेमा उल्टै अत्याधिक बल प्रयोग हुनुले आम जनमानसमा एउटा शंसय संगै आक्रोस पनि उत्पन्न भएको छ। तसर्थ यसमा संलग्न सबैलाई छानविन गरी गलत गर्नेलाई कारबाही गर्नुपर्छ र मात्रै राज्यले नागरिकको विश्वास आर्जन गर्न सक्छ ।

चिकित्सकका नाताले अधिकतम प्रयास गर्दा पनी निर्दोष जीवनलाइ बचाउन सक्ने स्थिती नहुदा धेरै निर्दोष जीवन नष्ट गऱ्यो, परिवारहरूलाई अनाथ बनायो र देशको भविष्यलाई अन्धकारमा धकेलेको छ भन्ने हाम्रो सामुहिक बुझाइ रहेको छ।
हामी दृढतापूर्वक राज्यले आफ्ना आफ्ना नागरिकलाई संरक्षण गर्न, आन्दोलनको क्रममा भीड नियन्त्रण गर्न अन्तर्राष्ट्रिय मान्यता अनुरुप काम गर्न अनुरोध गर्दै सरकारसंग निम्न लिखित यी मागहरु बुझाएका छौ ।

१. आन्दोलनका क्रममा मृतक हरूलाई शहीद घोषणा र घाइतेहरूको सम्पूर्ण उपचार निःशुल्क होस्। साथै सहिद परिवारलाई सरकारी अस्पतालमा निशुल्क उपचार को ब्यबस्था गरियोस ।
२. भीड नियन्त्रण सम्बन्धी स्पष्ट निर्देशिका (Standard Operating Protocol) जारी भई, भविष्यमा संवेदनशील अङ्गमा गोली प्रहार गर्ने लाई कानूनी कारबाही गरियोस्।
३. नागरिकको शान्तिपूर्ण आन्दोलनलाई सम्मान गर्दै, सरकारले सबै निकाय संग संवाद र सहकार्यको बाटो अवलम्बन गरोस्।

भ्रष्टाचार र असमानताको मूल जरो स्वास्थ्य क्षेत्रमा अझ धेरै गहिरो छ।

स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि सिफारिसहरू

१. स्वास्थ्य क्षेत्रभित्र हुने अनियमितता तथा भ्रष्टाचार नियन्त्रण-औषधि देखि स्वास्थ्य उपकरण खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र जनउत्तरदायी ।
२. स्वास्थ्य क्षेत्रमा राजनीतिक हस्तक्षेपको अन्त्य ;नेपाल स्वास्थ्य सेवा ऐन २०५३को परिछेद ८- ५४, ५५ मा राजनीतिक वा अवान्छनीय प्रभाब पार्न नहुने, राजनितिमा भाग लिन नहुने र परिछेद १० को सजाय अनुसार ७४(च) राजनितिमा भाग लिएमा सेवा बाट हटाउने वा बर्खास्त गर्ने नियमको पालना गर्न गराउन जोडदार माग गर्दछौ .
३. अस्पताल, विश्वविद्यालय, अनुसन्धान परिषद् र सरकारी स्वास्थ्य निकायहरूमा राजनीतिक भातृ संगठनहरूको हस्तक्षेप तत्काल अन्त्य गरियोस्। प्रोफेशनल स्वतन्त्र संगठन बाहेक अन्य कुनै पनि राजनीतिक छायाँ संगठन स्वास्थ्य नीतिगत निर्णयमा संलग्न हुन नपाउने व्यवस्था होस्।
४. नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८७/८८) कार्यान्वयन:
५. राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०-२०९०) कार्यान्वयन:
६. दिगो विकास लक्ष्य (Sustainable development goal –2030) हासिल गर्ने।
७. स्वास्थ्य नीति तथा रणनीतिहरूको नियमित समीक्षा :
८. जनस्वास्थ्य सेवा सम्बन्धी ऐन, २०७५ (ऐन नं. ११) कार्यान्वयन-निशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक
९. स्वास्थ्यकर्मीको सेवा सुविधा सुधार स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सुनिश्चित गर्न यस सम्बन्धमा गठित डा. टंक बाराकोटी प्रतिवेदनलाई तत्काल लागू गर्ने।
१०. इन्टर्न चिकित्सक, मेडिकल अधिकृत, आवासीय चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूको सेवा सुविधा न्यूनतम सरकारी सरह एकरूपता कायम गर्ने।
११. कार्य सम्पादन प्रोत्साहन (Performance Based Incentive)
१२. मानव संसाधन व्यवस्थापन र बढुवा प्रणाली सुधार: नियुक्ति र बढुवा योग्यता, विज्ञता र अनुभवमा आधारित । राजनीतिक हस्तक्षेप रहित निष्पक्ष मूल्यांकन प्रणाली सुनिश्चित गरियोस्।
१३. स्वास्थ्य सेवामा समान पहुँच : आधारभूत औषधि, उपकरण र विशेषज्ञ मानव संसाधन सुनिश्चित गरियोस्। प्राथमिक स्वास्थ्य केन्द्रमा टेलिमेडिसिन र डिजिटल हेल्थ प्रविधि विस्तार।

१४. अनुसन्धान र नवप्रवर्तनमा लगानी : नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (NHRC) लाई स्वायत्त, पारदर्शी र दिगो स्रोतसाधनसहित सक्षम गरियोस्। स्वास्थ्य अनुसन्धानमा युवाहरूको नेतृत्वलाई प्राथमिकता दिइयोस्।

१५. स्वास्थकर्मीको सुरक्षाको लागि स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी माथि हुने हिंसा विरुद्द शुन्य सहनसिलताको नितिको कार्यविधि लागू गर्नुपर्ने ।

नेपाल मेडिकल काउन्सिल (NMC) मा सुधार

१. अस्थायी र स्थायी लाइसेन्स प्रणालीका श्रेणीहरू खारेज र बैदेशिक मेडिकल कलेजका मापदण्ड २०२० को अनुसार नै कायम गरियोस,

चिकित्सा शिक्षा आयोग

१. निजि मेडिकल कलेजहरुमा स्नातकोत्तर र डीएम/एमसीएच कार्यक्रममा निजी मेडिकल कलेजहरूमा एमबीबीएस र स्नातक कार्यक्रममा जस्तै छात्रवृत्ति सिटको व्यवस्था गरियोस( छात्रवृत्ति बन्धन होइन पुरस्कार स्वरूप) ।

२. क्लिनिकल कार्यक्रममा प्रवेशका लागि अनिवार्य गरिएको एक वर्षको अनुभवको आवश्यकता खारेज गरियोस।

३. रोजगारीको अभाव र भैरहेको विदेश पलायन रोक्न नेपालले कति डाक्टर उत्पादन गर्नुपर्छ भन्ने सम्बन्धमा विस्तृत अध्ययन गरि लक्ष्य निर्धारण गरियोसनेपाली स्वास्थ्य शिक्षा र गुणस्तरमाथि नै नकारात्मकअसर पार्नेगरि हालै निजी मेडिकल कलेजमा बढाइएको MBBS/BDS सीट खारेज गरियोस, सरकारी मेडिकल कलेजका सीट गुणस्तर र आवस्यकताअनुसार कायम हुने हदसम्म बृदि गरियोस ।

अन्त्यमा,

यो केवल हामी चिकित्सकहरूको माग मात्र होइन, सम्पूर्ण नेपाली जनताको चाहना हो। हामि एकताबद्ध भएर अघि बढ्न तयार छौं नेपालका सम्पूर्ण चिकित्सकहरूको तर्फबाट !

धन्यवाद ।

स्वास्थ्य क्षेत्र सुधार अभियानमा आवद्द चिकित्सक हरुको तर्फबाट

"भ्रष्ट्राचार मुक्त, गुणस्तर युक्त स्वास्थ्य सेवा - हाम्रो कर्तव्य, राज्यको दायित्व"